# इच्छाकामना गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ७ | संख्या १३ | मिति २०८०।०५।०५

**भाग-२**

इच्छाकामना गाउँपालिका


# इच्छाकामना गाउँपालिकाको नगर प्रहरी छनोटसम्बन्धी कार्यविधि, २०८०

## इच्छाकामना गाउँपालिका

कुरिनटार, चितवन

# इच्छाकामना गाउँपालिकाको नगर प्रहरी छनोटसम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावना**:

नेपालको संविधानको अनुसूची ८ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (क) (१) को व्यवस्थालाई गाउँपालिका क्षेत्रमा आवश्यक शान्ति तथा सुव्यवस्था कायम गरी गाउँपालिका क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको सुरक्षा एवम् संरक्षण गर्न, गाउँपालिकाका निर्णयहरुको कार्यान्वयन गर्न, आपत्कालीन अवस्थामा राहत र उद्धारको कार्य गर्न, अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्तिको अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्न र छाडा पशु चौपायाको नियन्त्रणसम्बन्धी कार्यान्वयन गर्न वान्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम इच्छाकामना गाउँ कार्यपालिकाले यो **"इच्छाकामना गाउँपालिकाको नगर प्रहरी छनोटसम्बन्धी कार्यविधि, २०८०"** तर्जुमा गरी जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** :

(क) यो कार्यविधिको नाम **"इच्छाकामना गाउँपालिकाको नगर प्रहरी छनोटसम्बन्धी कार्यविधि, २०८०"** रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा**: विषय वा प्रसले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ ।

(ग) "कार्यविधि" भन्नाले इच्छाकामना गाउँपालिकाको नगर प्रहरी छनोटसम्बन्धी कार्यविधि, २०८० सम्झनुपर्दछ ।

(घ) "कार्यालय" भन्नाले इच्छाकामना गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(ङ) "समिति" भन्नाले दफा ५ बमोजिम गठित अन्तरवार्ता तथा सूचीकरण समिति सम्झनु पर्दछ।

(च) "नगर प्रहरी कर्मचारी" भन्नाले नगर प्रहरीको रुपमा नियुक्त कर्मचारीलाई सम्झनु पर्दछ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले इच्छाकामना गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ज) "सेवा करार" भन्नाले यस कार्यविधि बमोजिम स्वीकृत दरवन्दीमा कुनै व्यक्तिको सेवा करारमा लिने सम्झौता गरी सेवा करारमा लिने कार्य सम्झनु पर्दछ ।

**३. नगर प्रहरी कर्मचारीको योग्यताः** (१) **गाउँपालिकामा रहने नगर प्रहरी कर्मचारीको नगर प्रहरी जवानको पदपूर्ति हुने पदको आवश्यक योग्यता देहाय अनुसार हुनेछ ।**

(क) दरखास्त आह्वान भएको सालको बैशाख १ गते १८ वर्ष उमेर पुरा गरी पुरुषको हकमा ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको ।

(ख) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट आठ (८) कक्षा वा सो सरह उत्तीर्ण गरेको।

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(घ) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको।

(ङ) छाती नफुल्लाउँदा घटीमा ३१ ईन्च र फुल्लाउँदा ३३ ईन्च भएको ।

(च) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(छ) नेपाली नागरिकताको प्रमाण पत्र भएको ।

(ज) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण पत्र प्राप्त गरेको ।

(२) **नगर प्रहरी हवल्दारमा पदपूर्ति गर्दा आवश्यक पर्ने योग्यता देहाय अनसार हुनेछ ।**

(क) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपालमा कम्तिमा १० वर्ष सेवा गरी सेवाबाट अलग भएको वा सेवा निवृत्त भएको र दरखास्त दिने सालको बैशाख १ गते १८ वर्ष उमेर पूरा भई ४५ वर्ष ननाघेको।

(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. ई. ई. वा सो सरहको परीक्षा उत्तीर्ण गरेको ।

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(घ) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको।

(ङ) छाती नफुल्लाउँदा घटीमा ३१ ईन्च र फुल्लाउँदा ३३ ईन्च भएको ।

(च) आँखा माइनस २ वा प्लस भन्दा बढी कमजोर नभएको ।

(छ) नेपाली नागरिकताको प्रमाण पत्र भएको ।

(ज) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण पत्र प्राप्त गरेको ।

४. **छनोट सम्बन्धी व्यवस्थाः** नगर प्रहरी कर्मचारी करारमा राख्ने प्रयोजनको लागि सूचीकरण तथा छनोट सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(१) दफा ३ बमोजिमको योग्यता खुलाइ कार्यालयको सूचनापाटी, वेभसाईट तथा अन्य कुनै सार्वजनिक सुचनाका माध्यमबाट अनुसूची-१ बमोजिमको ढाँचामा कम्तीमा ७ (सात) दिनको सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) आवेदन फारामको नमुना अनुसूची-२ बमोजिम हुनेछ । आवेदन दस्तुर गाउँपालिकाबाट निर्धारण भए बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम पर्न आएका आवेदनहरु देहायको आधारमा दफा ५ बमोजिमको समितिले मूल्याङ्कन गरी सूचिकृत गर्नेछः

क. दफा ३ बमोजिमको नगर प्रहरी कर्मचारीको योग्यता परीक्षण गरी र सफल उम्मेदवारको सूचना प्रकाशन गर्ने ।

ख. देहाय बमोजिमका आधारमा शारीरिक तन्दरूस्ती परीक्षण गर्ने ।

<u>आधारहरू</u>:

| क स | विवरण | अति उत्तम | अङ्क | उत्तम | अङ्क | पास | अङ्क |
|---|---|---|---|---|---|---|---|
| १ | पुस अप | २० पटक | १० | १५ पटक | ९ | १२ पटक | ८ |
| २ | सेट अप | २० पटक | १० | १५ पटक | ९ | १२ पटक | ८ |
| ३ | चिन अप | १२ पटक | १० | ९ पटक | ९ | ६ पटक | ८ |
| ४ | छोटो दौड (३०० मी.) | ४५ सेकेण्ड | १० | ५४ सेकेण्ड | ९ | ६० सेकेण्ड | ८ |
| ५ | लामो दौड (३२०० मी.) | १२ मिनेट | १० | १४ मिनेट | ९ | १६ मिनेट | ८ |
| | **जम्मा अङ्क** | **५०** | | **४५** | | **४०** | |

ग. कार्य अनुभव बापत-२० (बीस) अङ्क । (प्रमाणित विवरणका आधारमा प्रति वर्ष १ अङ्कको दरले अधिकतम २० (बीस) अङ्क प्रदान गर्ने ।

घ. भौगोलिक क्षेत्र बापत -१० (दश) अङ्क

१. सम्बन्धित गाउँपालिकाको बासिन्दा भएमा -१० अङ्क

२. सम्बन्धित जिल्लाको बासिन्दा भएमा -५ अङ्क प्रदान गर्ने ।

ङ. दफा ४ को उपदफा (३) को खण्ड ख, ग र घ का उललिखित आधारहरूबाट सफल उम्मेदवारको संक्षिप्त सूची प्रकाशन गर्ने ।

च. अन्तरवार्तामा अधिकतम २० अङ्क । यस कार्यविधि अनुसार अन्तरवार्ताको अङ्क प्रदान गर्दा न्यूनतम ८ (आठ) र अधिकतम १४ (चौध) को सीमाभित्र रही प्रदान गर्नुपर्ने।

छ. दफा ४ को उपदफा (३) को खण्ड ख, ग, घ, ङ र च का उल्लिखित आधारहरूबाट संक्षिप्त सूचिमा परेका उम्मेदवारमध्ये उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवारहरूको सूचि प्रकाशन गर्ने । यस्तो सूचि प्रकाशन गर्दा मुख्य उम्मेदवार र वैकल्पिक उम्मेदवारको छुट्टाछुट्टै योग्यताक्रम अनुसार सूचीकरणको विवरण प्रकाशन गर्ने ।

ज. सूचीकरण प्रकाशन गर्दा पद संख्या भन्दा दोव्बर संख्यामा वैकल्पिक उम्मेदवारको सूची समेत प्रकाशन गर्नुपर्नेछ र सिफारिश भएका उम्मेदवारहरुको सूची सूचना पाटीमा समेत टाँस गर्नुपर्नेछ । तर आवेदन नै कम परेको अवस्थामा कम उम्मेदवार सूचीकरण गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिमका योग्यताक्रममा रहेका उम्मेदवारलाई छिटो सञ्चार माध्यमबाट जानकारी गराई सोको अभिलेख समेत राखुपर्नेछ ।

५. **अन्तर्वार्ता र सूचीकरण समितिः** माग पद संख्याका आधारमा कार्यविधिको दफा ४ बमोजिम योग्यता पुगेका उम्मेदवारलाई प्रारम्भिक छनोट गर्न र अन्तरर्वार्ता समेत लिई सूचीकरणको सिफारिस गर्न देहायको अन्तरवार्ता तथा सूचीकरण समिति रहनेछः

| | | |
|---|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | - | संयोजक |
| (ख) अध्यक्षले तोकेको सम्बन्धित क्षेत्रको विज्ञ कर्मचारी | - | सदस्य |
| (ग) गाउँपालिकाको विषयगत शाखा प्रमुख | - | सदस्य-सचिव |

६. **करार गर्नेः** (१) कार्यालयले सूचिकृत गरेका मुख्य उम्मेदवारलाई ७ (सात) दिनको म्याद दिई करार गर्न सूचना दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र करार सम्झौता गर्न आउने सूचिकृत उम्मेदवारसँग कार्यालयले अनुसूची-३ बमोजिमको ढाँचामा करार सम्झौता गर्नुपर्नेछ । उक्त अवधिभित्र सम्पर्क राख्न नआएमा क्रमशः वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम करार गरे पश्चात अनुसूची-४ बमोजिको पत्र कार्यालयले नगर प्रहरी कर्मचारीलाई दिनुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम कार्यालयले कार्यविवरण दिँदा विषयगत शाखा समेत तोकी काममा लगाउनु पर्नेछ ।

(५) यस कार्यविधि बमोजिम करार गर्दा सामान्यत एक आर्थिक वर्षका लागि मात्र करार गर्नु पर्नेछ । तर उक्त पदले गर्नुपर्ने काम समाप्त भएमा वा पर्याप्त नभएमा वा कार्यप्रारम्भ नै नभएको अवस्थामा स्थानीय तहले कामको बोझ र अवधी हेरी करारको अवधी घटाउन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम एक आर्थिक वर्षको निम्ति सेवा करारमा लिएको व्यक्तिलाई पुनः अर्को वर्षको लागि सेवा करारमा लिनु परेमा **करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादनस्तर मूल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८** बमोजिम गर्ने ।

(७) नगर प्रहरी कर्मचारीले स्वेच्छाले करार निरन्तरता गर्न नचाहेमा कम्तीमा १ (एक) महिना अगाडी कार्यालयमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ । यसरी जानकारी नगराई करार अन्त गरी काम छोडेमा त्यस्तो व्यक्तिलाई पुनः करारमा काम गर्ने अवसर दिईने छैन ।

(८) यस दफा विपरितको अवधि उल्लेख गरी वा करारमा उल्लेख भए भन्दा बढी रकम भुक्तानी दिएमा त्यसरी अवधि उल्लेख गर्ने वा रकम भुक्तानी गर्ने कर्मचारीको तलव भत्ताबाट कट्टा गरी असूल उपर गरिनेछ र विभागीय कारवाही समेत गरिनेछ ।

७. **कार्य सर्त, पारिश्रमिक र अवधिः** (१) यस कार्यविधि बमोजिम सेवा करार सम्झौता गरिएका नगर प्रहरी कर्मचारीको मासिक पारिश्रमिक सम्बन्धित तह वा पदको शुरु तलब स्केलमा नबढ्ने गरी करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ । स्थानीय भत्ता पाउने स्थानमा नेपाल सरकारको दररेट बमोजिम करारमा उल्लेख भए अनुसार स्थानीय भत्ता उपलब्ध गराउन सकिनेछ ।

(२)कार्यालयले कार्य-विवरणमा उल्लेख भए बमोजिम प्रगतिको स्थलगत वा वस्तुगत प्रतिवेदनका आधारमा कार्य सम्पादन अनुसार करारमा उल्लेख गरी भ्रमण भत्ता वा फिल्ड भत्ता उपलब्ध गराउन सक्नेछ ।

तर करार सम्झौतामा उल्लेख नगरिएको भ्रमण भत्ता, फिल्ड भत्ता वा अन्य भत्ता उपलब्ध गराउन सकिने छैन।

(३) कार्यालयले नगर प्रहरी कर्मचारीको पारिश्रमिक भुक्तानी गर्दा निजले महिनाभरी गरेको कामको विवरण (Time Sheet) सहितको प्रतिवेदन तयार गर्न लगाई सम्बन्धित विषयगत शाखाको सिफारिशको आधारमा मात्र भुक्तानी गर्नु पर्नेछ ।

(४) यस कार्यविधि बमोजिम नगर प्रहरी कर्मचारीले करारमा काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनाका लागि कुनै पनि दाबी गर्न पाउँने छैन ।

(५) उपदफा (१) बमोजिम करार गर्दा काम सुरू गर्ने मिति र अन्त्य गर्ने मिति समेत उल्लेख गर्नुपर्नेछ। तर त्यस्तो करारको अवधी एक पटकमा १ (एक) वर्ष भन्दा बढी हुने छैन ।

८. **करार समाप्तीः** (१) यस कार्यविधि बमोजिम करार गरिएको पद वा दरबन्दीमा स्थायी कर्मचारी खटिई आएमा त्यस्तो व्यक्तिको करार स्वतः अन्त्य हुनेछ ।

(२) करार सम्झौता गरिएको नगर प्रहरी कर्मचारीको कार्य सन्तोषजनक नभएको भनि कार्यरत विषयगत शाखा वा कार्यालयले सिफारिश गरेमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक छानविन गर्न लगाई सफाइको मौका दिइ कार्यालयले जुनसुकै अवस्थामा करारबाट हटाउन सकिनेछ ।

९. **कार्यविधिमा संशोधन:** यस कार्यविधि कार्यान्वयन गर्ने क्रममा संशोधन गर्नु पर्ने भएमा आवश्यकता अनुसार गाउँकार्यपालिकाले संशोधन गर्न सक्नेछ । त्यस्तो संशोधन स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

अनुसूची-१

(बुँदा ४.१ सँग सम्बन्धित आवेदन )

इच्छाकामना गाउँपालिका

गाउँ कार्यपालिकको कार्यालय

कुरिनटार, चितवन

बागमती प्रदेश नेपाल

**करारमा सेवा लिनेसम्बन्धी सूचना**

(सूचना प्रकाशित मितिः )

इच्छाकामना गाउँपालिकाको लागी ..............................(शाखा) मा रहने गरी ..........................................................पद को रुपमा देहायको संख्या र योग्यता भएको नगर प्रहरी कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र दिनको २:०० बजेसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, दरखास्त दस्तुर, कार्यविवरण, पारिश्रमिक, सेवाका शर्तहरू सहितको विस्तृत विवरण गाउँपालिका कार्यालयबाट वा कार्यालयको वेभसाइटबाट उपलब्ध हुनेछ ।

| पद नाम | संख्या |
|---|---|
| | |
| | |

२.<u>शैक्षिक योग्यता र अनुभवः</u>

(१) **गाउँपालिकामा रहने नगर प्रहरी कर्मचारीको नगर प्रहरी जवानको पदपूर्ति हुने पदको आवश्यक योग्यता देहाय अनुसार हुनेछ ।**

(क) दरखास्त आह्वान भएको सालको बैशाख १ गते १८ वर्ष उमेर पुरा गरी पुरुषको हकमा ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको ।

(ख) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट आठ (८) कक्षा वा सो सरह उत्तीर्ण गरेको।

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(घ) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको।

(ङ) छाती नफुल्लाउँदा घटीमा ३१ ईन्च र फुल्लाउँदा ३३ ईन्च भएको ।

(च) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(छ) नेपाली नागरिकताको प्रमाण पत्र भएको ।

(ज) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण पत्र प्राप्त गरेको ।

(२) **नगर प्रहरी हवल्दारमा पदपूर्ति गर्दा आवश्यक पर्ने योग्यता देहाय अनसार हुनेछ** ।

(क) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपालमा कम्तिमा १० वर्ष सेवा गरी सेवाबाट अलग भएको वा सेवा निवृत्त भएको र दरखास्त दिने सालको बैशाख १ गते १८ वर्ष उमेर पूरा भई ४५ वर्ष ननाघेको।

(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. ई. ई. वा सो सरहको परीक्षा उत्तीर्ण गरेको ।

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(घ) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको।

(ङ) छाती नफुल्लाउँदा घटीमा ३१ ईन्च र फुल्लाउँदा ३३ ईन्च भएको ।

(च) आँखा माइनस २ वा प्लस भन्दा बढी कमजोर नभएको ।

(छ) नेपाली नागरिकताको प्रमाण पत्र भएको ।

(ज) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण पत्र प्राप्त गरेको ।

**३. दरखास्तमा संलग्न गर्नुपर्ने:** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने।

अनुसूची-२

(बुँदा ४.२ सँग सम्बन्धित दरखास्त फाराम)

इच्छाकामना गाउँपालिका

गाउँ कार्यपालिकको कार्यालय

कुरिनटार, चितवन

बागमती प्रदेश नेपाल

**करारको लागि दरखास्त फाराम**

हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले

**उम्मेदवारले दरखास्त फाराम भरेको विवरण**

| | | |
|---|---|---|
| **१.बिज्ञापन नं.** | **२.पद :** | **३.सेवा :** |
| **४.समुहः** | **५.तह :** | **६.परिक्षा केन्द्र :** |

१(क) वैयक्तिक विवरण

| | | | | |
|---|---|---|---|---|
| | नाम थर | (देवनागरीमा) | | |
| | | (अंग्रेजी ठूलो अक्षरमा) | | लिङ्गः |
| | नागरिकता नंः | | जारी गर्ने जिल्ला : | मिति : |
| स्थायी ठेगाना | क) जिल्ला | ख) न.पा./गा.पा. | ग) वडा नं. | |
| | घ) टोल : | ङ) मार्ग/घर नं. : | च) फोन नं. | |
| पत्राचार गर्ने ठेगाना : | | | ईमेल | |
| बाबुको नाम, थर : | | जन्म मिति : (वि.सं.मा) (ईस्वि संवतमा) | | |
| बाजेको नाम, थर : | | हालको उमेर : वर्ष महिना | | |

(ख) शैक्षिक योग्यता/तालिम (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)

| **आवश्यक न्यूनतम योग्यता** | **विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था** | **शैक्षिक उपाधि/तालिम** | **सङ्काय** | **श्रेणी/प्रतिशत** | **मूल विषय** |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |

**(ग) अनुभव सम्बन्धी विवरण**

| **कार्यालय** | **पद** | **सेवा/समूह/उपसमूह** | **श्रेणी/तह** | **स्थायी/अस्थायी/करार** | **अवधि** | |
|---|---|---|---|---|---|---|
| | | | | | **देखि** | **सम्म** |
| | | | | | | |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लिखित सबै सर्त तथा नियमहरु पालना गर्न मञ्जुर गर्दछु । साथै करारमा उल्लिखित सर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा ३ महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु ।

| **उम्मेदवारको ल्याप्चे सहीछाप** | | **उम्मेदवारको दस्तखत** |
|---|---|---|
| **दायाँ** | **बायाँ** | |
| | | **मितिः** |
| कार्यालयले भर्नेः | | |
| रसिद/भौचर नं. : | रोल नं. : | |
| दरखास्त अस्वीकृत भए सो को कारण : | | |
| दरखास्त रुजु गर्नेको नाम र दस्तखतः<br>मिति : | दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत<br>मिति : | |

द्रष्टव्य : दरखास्त साथ सूचनामा उल्लिखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, (२) समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सो को प्रतिलिपि, (३) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, प्राविधिक कार्य (इन्जिनियरिङ्ग, स्वास्थ्य तथा पशु चिकित्सा लगायतका अन्य क्षेत्र) का लागि आवश्यक पर्ने व्यवसायिक प्रमाणपत्र (लाईसेन्स)को प्रतिलिपि, तालिम र अनुभव आवश्यक पर्नेमा सो समेतको प्रतिलिपि, आदि ।

## अनुसूची- ३

(बुँदा ६.१ सँग सम्बन्धित करार सम्झौता)

## करार सम्झौता

इच्छाकामना गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, (यसपछि पहिलो पक्ष भनिएको) र .................... जिल्ला, ...................नगरपालिका/गाउँपालिका, वडा नं. ..... बस्ने श्री ............................................................ (यसपछि दोश्रो पक्ष भनिएको) का बीच इच्छाकामना गाउँपालिकाको ................................................. पदमा कामकाज गर्न गराउन मिति .................. को निर्णय अनुसार देहायका कार्य/सर्तको अधिनमा रही दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको सम्झौता गरी एक/एक प्रति आपसमा बुझि लियौं/दियौं ।

१. **कामकाज सम्बन्धमाः** दोस्रो पक्षले आफुलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार थप काम गर्नु पर्नेछ ।

२. **काम गर्नु पर्ने स्थान** ......................................................................................।

३. **करारमा काम गरे बापत पाउने पारिश्रमिकः** प्रत्येक महिना व्यतित भएपछि पहिलो पक्षले दोश्रो पक्षलाई मासिक रुपमा रु. .................. (अक्षरेपी रु. ................................................................ पारिश्रमिक उपलब्ध गराउनेछ ।

४. **आचरणको पालनाः** दोश्रो पक्षले प्रचलित कानूनमा ब्यवस्था भएका आचरण तथा अनुशासनसम्बन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ ।

५. **विदाः** दोस्रो पक्षलाई सार्बजनिक बिदा बाहेक प्रति महिनाको १ दिनका दरले भैपरी बिदा उपलब्ध हुनेछ साथै किरिया बिदा र प्रसुति बिदा नियमानुसार उपलब्ध गराईनेछ। कार्यालयको लागि आवश्यक परेको खण्डमा बिदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ । यसरी सार्वजनिक बिदाको दिनमा कार्यालयमा काम लगाए बापत मासिक करार रकमको दामासाहीले रकम दोश्रो पक्षलाई दिईनेछ ।

६. **कार्यालय सम्पत्तिको सुरक्षाः** दोस्रो पक्षले कार्यालयको चल/अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

७. **गोप्यताः** दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवम् गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखिनेछ।

८. **करार अवधिः** यो करार २०८... ।........।..........देखि लागु भई २०८...।........।.......... सम्मको लागि हुनेछ ।

९. **कार्यसम्पादन मूल्याङ्कनः** पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्याङ्कन गर्ने र सो मूल्याङ्कन गर्दा सालवसाली निरन्तरता दिन उपयुक्त देखिएमा कार्यविधिको दफा ६ बमोजिम करार निश्चित अवधिको लागि थप हुन सक्नेछ ।

१०. **पारिश्रमिक कट्टी र करार सेवाको सर्तको अन्त्यः** दोश्रो पक्षले पहिलो पक्षलाई लगातार ७ (सात) दिन भन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहिले कट्टा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वतः यो सम्झौता पहिलो पक्षले रद्ध गरी अर्को ब्यवस्था गर्न वाधा पर्ने छैन । दोश्रो पक्षले शारीरिक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरणसम्बन्धी कुराहरु बराबर उल्लङ्घन गरेमा दोश्रो पक्षसँगको सम्झौता रद्ध गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखि काम लगाउन बाधा पर्ने छैन ।

११. **पोशाक भत्ता र चाडपर्ब खर्चः** ६ महिना करार सेवा अबधि पुरा गरेका कर्मचारीलाई नियमानुसार पोशाक भत्ता र चाडपर्ब खर्च प्रथम पक्षले उपलब्ध गराउने छ।

१२. **दावी नपुग्नेः** दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनाका लागि दाबी गर्न पाउने छैन/गर्ने छैन ।

१३. **प्रचलित कानून लागू हुनेः** यस सम्झौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

| <u>गाउँपालिका कार्यालयको तर्फबाट</u> : | <u>दोस्रो पक्ष (करार गर्ने व्यक्ति)</u>: |
|---|---|
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| पद : | ठेगाना : |
| कार्यालयको छापः | |

अनुसूची-४

(बुँदा ६.३ सँग सम्बन्धित करार सूचना पत्र)

इच्छाकामना गाउँपालिका

गाउँ कार्यपालिकको कार्यालय

कुरिनटार चितवन

बागमती प्रदेश नेपाल

च.नं. मितिः

प.सं.

श्री ......................................,

...............................(ठेगाना)

विषयः **<u>करार सम्बन्धमा</u>** ।

तपाईलाई मिति ................को निर्णयानुसार सूचीकरण गरिए बमोजिम ............................पदका लागि यसैसाथ संलग्न करार (सम्झौता) बमोजिम मिति ..................... देखि ................ सम्म करारमा राखिएको हुँदा संलग्न कार्यसर्त अनुरुप आफनो काम इमान्दारीपूर्वक र व्यवसायिक मूल्य मान्यता अनुरुप गर्नुहुन जानकारी गराइन्छ ।

साथै आफ्नो काम कर्तव्य पालना गर्दा यस गाउँपालिकाको कर्मचारीले पालना गर्नुपर्ने आचार संहिता र आचरणको समेत परिपालना हुन जानकारी गराइन्छ ।

.....................

प्रमुख प्रशासकीय अधिकृत

**<u>बोधार्थः</u>**

श्री आर्थिक प्रशासन शाखाः प्रमाणित हाजिर/Time Sheet सहितको प्रतिवेदनका आधारमा सम्झौता बमोजिमको रकम मासिक रूपमा उपलब्ध गराउनुहुन ।

श्री प्रशासन शाखाः हाजिरीको व्यवस्था हुन ।

श्री वडा कार्यालय ,...................................

इच्छाकामना गाउँ कार्यपालिकाको कार्यालय ।

आज्ञाले,

जगत प्रसाद भुसाल

प्रमुख प्रशासकीय अधिकृत